घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशीत

सुखड, कैलाली ७ नं. प्रदेश, नेपाल

| भाग १ | वर्ष १ | अंक ३ | २०७४ अश्विन २९ गते, विहिबार |
|---|---|---|---|

घोडाघोडी नगर सभाबाट मिति २०७४।६।२९ मा स्वीकृत भएको नगरपालिका विनीयोजन ऐन सार्वजनीक जानकारी का लागी प्रकासन गरिएको छ ।

## घोडाघोडी नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** घोडाघोडी नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)**यस ऐनको नाम " घोडाघोडी नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७४।०७५ को नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.७१,४०,९०,८५८।१३ (अक्षेरुपी रु. एकहत्तर करोड चालिस लाख नव्वे हजार आठ सय अन्ठाउन्न पैसा तेह्र मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले ब चत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय

व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

## अनुसूची १

### आय व्ययको विवरण

**आ.व. २०७४।०७५**

अनुसूची १

रु हजारमा

| **शीर्षक** | **आ.व. २०७३।०७४को संसोधित अनुमान** | **आ.व. २०७४।०७५ को प्रस्तावित अनुमान** |
|---|---|---|
| **आय:** | 199195.523 | 714090.858 |
| **राजश्व** | 9117.491 | 39761.858 |
| आन्तरिक राजश्व | 7526.442 | 11230.70 |
| राजश्व बाँडफाडबाट प्राप्त रकम | 1591.05 | 2000.00 |
| अन्य आय(गत वर्षको मौज्दात) ) | 0 | 26531.158 |
| **अन्तर सरकारी वित्तिय हस्तान्तरण** | 186900.032 | 674329 |
| नेपाल सरकार बाट प्राप्त रकम | 185005.032 | 674329 |
| प्रदेश सरकारबाट प्राप्त रकम | 0 | 0 |
| अन्तर स्थानीय तहबाट प्राप्त रकम | 1895 | 0 |
| **जनसहभागिता** | 3178 | 0 |
| नगद सहभागिता | 3178 | |
| श्रम तथा वस्तुगत सहायता | 0 | 0 |
| **व्यय :** | 199195.523 | 714090.858 |
| चालु खर्च (कार्यक्रम खर्च र सा.सु.रकम समेत ) | 92920.776 | 445114.1 |
| पुँजीगत खर्च | 106274.747 | 268976.758 |
| **बजेट बचत** | 0 | 0 |

आज्ञाले

राजु प्रसाद न्यौपाने

नि.कार्यकारी अधिकृत